*[२०६५ सालको मदन पुरस्कार विजयी ग्रन्थ 'एक हातको ताली' (निबन्धसङ्ग्रह) का स्रष्टा युवराज नयाँघरेको मन्तव्य]*

**मान्यवर अध्यक्षज्यू, माननीय नीलाम्बर आचार्यज्यू, आदरणीय रामशरण दर्नालज्यू, महिला तथा सज्जनवृन्द !**

सर्वप्रथम अग्रज साहित्यिक रामशरण दर्नालज्यूमा साधुवाद अर्पिंदै वोल्छु ।

अक्षर संसारका अनवरत यात्रामा हिँडिरहेँ म। त्यो हिँडाइलाई प्रेम, प्रोत्साहन र पुरस्कारका अनन्त पाहुरहरू पाइरहेँ मैले। ती सवै स्नेही मन र भावनाहरूप्रति आदरभाउ त छ नै, हर्षको वोली पनि सुम्पन चाहन्छु ।

'एक हातको ताली' पुरस्कारको आँखामा पऱ्यो। हाम्रो वाङ्मयको अग्लो सम्मान-शिखर हो- 'मदन पुरस्कार' । यसै गौरवशाली पुरस्कारले 'एक हातको ताली' स्वीकृत भएपछि मेरो निवन्ध लेखन झन् ठूलो राजमार्गको यात्रु हुने चेष्टामा लागेको छ ।

मेरो धन्यवाद छ– गुठीलाई । 'एक हातको ताली'का पढालु हृदयलाई । 'एक हातको ताली'का विषयलाई । भोक्ता र सामाजिक मान्यतालाई ।

केही निर्बन्ध कुरा राख्ने मन छ ।

यो गजवकै संयोग भो– आफू जन्मेकै अञ्चल र जिल्लाका स्रष्टा तारानाथ शर्माले पाएपछि पछिल्लो पुरस्कृत लेखक मै भएँ। म जन्मेकै सालमा त्यस निवन्ध र नियात्राको सम्मानपछि २०६५ सालमा मेरो लेखनले यो पुरस्कार प्राप्त गर्नु अर्को सुखद संयोग मानेँ मैले ।

निबन्ध प्रिय भइदियो मेरा लागि। जति लेख्यो उति नयाँ विषय, नवीन चरित्र र नौलो शिल्पको आग्रह भएर आइरह्यो यो विधा। थकाइ

कदापि लागेन। हो, सबैले अदेखा र छेउकुना छोडेको निबन्धले मलाई बोलाइरह्यो अनवरत । मै नि उसको वरिपरि रहिरहें ।

भाषा, विषय र पाठक– यी तीन अनुहारले मेरो लेखनमा सर्वाधिक महत्त्व पाउँछन्। नेपाली झर्रा र ठेट शब्दभित्र सुकोमल छवि बोकेर बसेको सुन्दरताको अघि कायल छु म। तिनको प्रयोग गरेर को थाक्ला र ? थाक्दिनँ म त ।

छिन-छिनको ठूलो परिवर्तन बोकिरहेको समयको साक्षी छु म । हजार घटना र तीभन्दा कठोर अनि शक्तिशाली प्रतिक्रियालाई निबन्धमा उतार्न अझै सकिनँ। धेरैमा कुन छान्ने अथवा नछानी नहुने कुनचैं विषय पऱ्यो ? प्रश्न भेट्छु। मेरा निबन्धले अन्योल, असङ्गत र असह्य दृश्यमा आशाको सञ्चार गर्न थाकेनन् कहिल्यै ।

पाठक- ठूलो हिस्सा हो त्यो गर्व। लेख्नुको प्रतिक्रिया र ऊर्जा त्यही वरपर शक्तिमान् ठान्छ हरेक लेखकले, अक्षरकर्मीले ।

मेरो लेखाइले समाजलाई नचिन्ने ? व्यक्तिसत्तालाई घुऱ्यानमा मिल्काउने ? रूपान्तरणको सौन्दर्यलाई किनारतिर धकेल्ने ? स्थितिलाई नपढीकन पोगटा प्रमाण भेला गर्न दगुर्ने ?

विपक्षमा बसें म ।

अन्यौलका उखर्माउलाहरू निबन्धका विषय बने । आफ्नै सामु विसङ्गत चरित्रका पङ्क्तिहरूले घाइते समाजका अनुहार निबन्धका चरित्र भए । जितिसकेर पनि हार्नुको ऐंठन बोकी-बोकी चल्ने अनुहारको दुखेसो सुने मेरा निबन्धले ।

सिङ्गो देश अनेक प्रसङ्गमा जीवित छ। कति भयानक रोग, शोक र भोकको शृङ्खलाले आक्रान्त नपारेको होइन। निबन्धको अन्तर्यात्रा तिनै शृङ्खलाको आवाज, सुर र लयभन्दा पनि हुन्छ। बेमेलको अर्को नाम भएर बितिरहेको समय चिन्ने र पढ्ने प्रयास 'एक हातको ताली'ले पनि गरेकै हो ।

अरू धेरै थोकको चाहना होइन । सुखले, खुसीले र सानै सम्पन्नताले बाँच्न पाऊँ, नेपाली अपेक्षा त्यहाँभन्दा अतिशय ठूलो होलाजस्तो त लाग्दैन। तर भइरहेको त देखिएन– न्याय, स्याहार वा ममता ।

यसो भन्छु–

नागरिक एकातिर, सत्ता अर्कातिर । समाज एकातिर, शक्ति अर्कातिर। अपेक्षा एकातिर, पूरक पक्ष अर्कातिर। यी दुर्दान्त अवस्थाको किचाघान देखिरहेको छु ।

अनि यो 'एक हातको ताली' बज्न पुग्यो ।

नमिलेको मन छ। नहाँसेको समाजले रुवाइको मूल्यसमेत तिर्न सक्तैन। एकै हातको संयोजन राम्रो छैन भने दुवै हात कसरी मिल्छन् र ? प्रतीकात्मकताको सहारामा भनें मैले– 'रुग्ण छ हाम्रो हालखबर !'

नेपाली निबन्धको हिजो सिँढी धेरैपटक मनमौजी चढ्ने गरें, झर्ने गरें। कति उज्यालो चाहना र शब्द-संसारको मूल्य बोकेको ? दर्बिलो र गर्बिलो छ– त्यो विधाको इतिहास। छातीभरि निबन्धको महत्ताले मलाई अझै आफ्नो काममा लागिरहन उज्यालो विहानीले दैलो घरक्क खोलेको सङ्केत सुनाउँछ ।

अनन्त भूदृश्य र भू-परिवेशले लट्ठिन्छु। मलाई निबन्धका बाली लाउन र फसल उठाउन भ्याईनभ्याई हुन्छ। सधैँको हतारो, सधैँको घचारो ।

सनातन संस्कृतिलाई गमेर नलेखी भएकै छैन। जातीय महिमाका चरित्र नउतारी भएकै छैन। क्षेत्रीय कथाका फग्लेटा नछिचोली भएकै छैन। प्राकृतिक वैभवका रहस्य नटिपी भएकै छैन।

मेरो निबन्धकारिता यिनै परिवेशलाई पर्गेल्ने योजनामा आतुर छ, एकनासले ।

जर्जियाली राष्ट्रपति अर्थात् तत्कालीन सोभियत सङ्घका विदेशमन्त्री एकवर्ड सेभनार्जेले कतै भनेको सम्झिरहेको छु– 'जीवनमा एउटा रूख रोपी हुर्काउनु, एउटा बालक जन्माएर हुर्काउनु र एउटा ग्रन्थ लेख्नु ! असली जीवनको परीक्षा त्यहीं हुन्छ !'

तीनै कार्य सम्पन्न भए पनि अघिल्ला दुईभन्दा पछिल्लो एउटामा मैले गतिलै सामाजिक स्वीकारोक्ति पाएँ, प्रतिक्रिया पाएँ र प्रशंसा पाएँ ।

'मदन पुरस्कार' त्यही स्वीकार, त्यही प्रतिक्रिया र त्यही प्रशंसाको एक प्रमाणको रूपमा लिएको छु मैले ।

नेपाली निबन्धको संसार लर्तरो छैन । अघिल्ला कालखण्ड हेर्दा मनग्गे प्राप्ति देख्न सकिन्छ। त्यही प्राप्तिलाई असन्तोष मान्ने मान्छेमा परें म। अनि निबन्धको अरू उपलब्धिका निम्ति यात्रा गर्ने जाँगर देखाउँदै छु ।

यी प्रश्नहरू उठिरहन्छन्–

किन कम लेखिन्छन् निबन्धहरू ? किन कम सहभागिता भइरहेछ निबन्ध विधामा। किन यसको मूल्यबोध थोरै भएको? किन फुक्न नसकेको निबन्धको धरातल । किन हाउभाउ, कटाक्ष थोरै देखिन्छ निबन्धको ? तर यी सबै प्रश्नहरूको जवाफ मदन पुरस्कारले यसपटक दिएको छ – 'कम नआँकौं निबन्धलाई !'

कसैले विधागत रूपमै समग्र हिसाबले नयाँ, प्रयोगशील र आजको निबन्ध स्वीकृत भएको छ। अविश्रान्त, निरन्तरता र गतिशीलताको फेरि एकपटक खैखबरी भएको छ ।

नेपाली निबन्धले संरक्षकत्व पाएको हो– यो पुरस्कार !

२५ वर्षको साहित्यिक मार्चपासमा सम्झौताविहीन भएर निबन्धहरूको जोहोमा लागिरहें । सातओटा निबन्धका कृतिहरूले आ-आफ्नै स्वर दिएर निबन्धका सिंढी उक्लेको सम्झन्छु यतिबेला ।

मेरो कर्तव्य हो– यस धारणाबाट प्रेरित छु म ।

राष्ट्रसेवा भन्नोस्, भाषासेवा भन्नोस्, भावनासेवा भन्नोस्, शिल्पसेवा भन्नोस् वा चेतनासेवा भन्नोस्– 'एक हातको ताली'ले निबन्धको गति पछ्याएर लम्केकै हो ।

अरू दर्शन मनमा पाल्न सकिनँ- देशको सग्लो मन जीवनभरि वेगवान् भएर लेखिरहन सकूँ ।

बधाईका शब्द कानभरि गुन्जिँदा नि माथिको दर्शन घरीघरी प्रतिध्वनि भएर आइजाइ गरिरह्यो ... गरिरह्यो ... ।

बिसौनीमा, निबन्धको मूल्यलाई स्वीकार्नेहरूप्रति आभार भन्दछु । मेरो सम्झौताहीन लेखन– मर्मलाई बुझिदिनुहुने प्राज्ञिकवर्गलाई सम्झन चाहन्छु ।

अध्यक्षज्यू मेरो 'मनफूल' तपाईंलाई !

नमस्कार छ, सबै-सबैमा ।

धन्यवाद !